आठराई गाउँपालिका

# आठराई राजपत्र

## आठराई गाउँपालिकाबाट प्रकाशित

**खण्ड:५) संक्रान्तिबजार, तेह्रथुम, आषाढ ३० गते, २०८० साल(संख्या:५)**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७९।०७।०२

## भाग २

## आठराई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, संक्रान्तिबजार, तेह्रथुम

**आठराई गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधी-२०७९**

## एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधी-२०७९

**प्रस्तावना :** आठराई गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुंचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुंच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी आठराई गाउँपालिकाले यो कार्यविधी तर्जुमा गरी जारी गरेको छ।

१। **संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधीको नाम **"एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७९"** रहेको छ।

(ख) यो कार्यविधी आठराई गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ। कार्यविधी स्वीकृत हुनुभन्दा अघी भएका काम कारवाहीहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ।

२। **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शव्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले आठराई गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

३। **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) एम्बुलेन्स सेवाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) गाउँ कार्यपालिकाका सदस्य (महिला १/दलित १) - सदस्य

(घ) गाउँपालिका राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) प्रतिनिधि, गाउँपालिका रेडक्रस सोसाईटी, आठराई सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य संयोजक - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४। **समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधी अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने नगरेमा सेवाबाट हटाउन गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने,

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने,

(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवाबारे समिक्षा बैठक गर्ने,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुची १ मा उल्लेख भए बमोजिम समितिले निर्धारण गरेको सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५। **सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखीने छ ।

(४) सेवा दिएवापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

(६) कोष खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

६। एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगवुक राख्नु पर्नेछ । लग बुक भर्ने जिम्मेवारी एम्वुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी प्रमुख प्रशाकीय अधिकृतको हुनेछ ।

७ **चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित कानूनको अधिनमा रही एक जना हल्का सवारी चालक नियुक्ति गरिने छ ।

(२) चालकको सेवा सुविधा नेपाल सरकारले तोकेको हलुका सवारी चालक प्रथम स्तर बमोजिम वा प्रचलित कानूनले व्यवस्था गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. ५ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

(५) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार : (१) एम्बुलेन्स आठराई गाउँपालिका वडा नं. १ स्थित गाउँ कार्यपालिकाको कार्यालय हातामा रहनेछ ।

(६) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

८। **विविध** : (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विमारी, विमारीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधीमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

(कार्यविधीको दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.सं. | देखि | सम्म | दररेट |
|---|---|---|---|
| १ | आठराई गाउँपालिका | प्राथमिक स्वास्थ्य चौकी आठराई संक्रान्ति बजार | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| २ | आठराई गाउँपालिका | फिदिम पाँचथर | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| ३ | आठराई गाउँपालिका | म्याङलुङ्ग तेह्रथुम | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम |
| ४ | आठराई गाउँपालिका | झापा विर्तामोड | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| ५ | आठराई गाउँपालिका | धरान सुनसरी | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| ६ | आठराई गाउँपालिका | मोरङ्ग विराटनगर | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| ७ | आठराई गाउँपालिका | भरतपुर चितवन | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| ८ | आठराई गाउँपालिका | बनेपा काभ्रे | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| ९ | आठराई गाउँपालिका | काठमाण्डौ | गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम । |
| आठराई गाउँपालिका भित्रका स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र आठराई संक्रान्ति बजारमा प्रसुती गराउने महिलाहरुको हकमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ । आकस्मिक दुर्घटनाका घाइतेलाई समेत निशुल्क सेवा उपलब्ध गराइनेछ । | | | |
| एम्बुलेन्स सेवा माथी उल्लेखित स्थान भन्दा अन्य स्थानहरुमा संचालन गर्नु परेमा गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ । | | | |

- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा वा बैकमा रहेको एम्बुलेन्स संचालन कोष खातामा वा सवारी चालकलाई नगदी रसिद कट्टा गरी बुझाउनु पर्नेछ ।

अनुसूची २

(कार्यविधीको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१। एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७९ लाई पूर्णतः पालना गर्नुपर्ने,
२। आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३। मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४। बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५। आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६। आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७। कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८। बिरामीलाई बिच बाटोमा छाड्न नहुने,
९। आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०। अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,
११। आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,
१२। नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ............................... (नाम) ......................................... ठेगाना ............................ना.प्र.प.नं. ......................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ........................................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । तेह्रथुम जिल्ला आठराई गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| चालकको : | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको : |
|---|---|
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| | नाम/पद : |

संस्थाको छाप :

## अनुसूची-३

(कार्यविधीको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ग" वर्गको (Common Life Support (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकनि सवारी साधन
- IV Injection दिन सक्ने व्यवस्था
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight

आज्ञाले,

शत्रुधन साह

निमित्त प्रमुख प्रशासकीय अधिकृत